**मुक्तिनाथ दर्शन सेवा**

दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे



**पोखरा साइडसिन सेवा**

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे

रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा

रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर



**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क १५० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ असार १ गते सोमबार ❑ 15 June 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## देशलाई सुधार गर्ने अनुकूल अवस्था आएको छ, यो अवसर चुकाउनु हुँदैन: सभापति थापा

**रासस**
काठमाडौं, ३१ जेठ

नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले देशलाई सुधार गर्ने अनुकूल अवस्था आएको उल्लेख गर्दै नेपालले अहिलेको यो अवसर चुकाउनु नहुने बताउनुभएको छ।

नेपाली कांग्रेसको केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानले पार्टीको केन्द्रीय कार्यालय सानेपामा आज आयोजित 'सुवर्णशमशेर इकोनोमिक कार्यक्रम'को पहिलो शृङ्खलाको विषय 'बजेटले लिएको दिशा र आम अपेक्षा' विशेष छलफलको समापनका अवसरमा सभापति थापाले आजको कार्यक्रमले संसद्मा छलफल गर्नका लागि महत्वपूर्ण अवसर दिएको बताउनुभयो।

नेपालको पहिलो जननिर्वाचित अर्थमन्त्री सुवर्णशमशेर राणाले गरेको सुधार र प्रयासलाई सम्मान गर्दै सुवर्णशमशेर इकोनोमिक कार्यक्रमको महिनाको एउटा श्रृङ्खला अनिवार्य गर्ने जानकारी गराउँदै सभापति थापाले अर्थमन्त्री राणाले त्यस बेला विर्ता उन्मूलन गरेर राज्यकोषमा दाखिला गर्ने, बजेट प्रणालीलाई व्यवस्थापन गर्ने कार्य गरेर रुपान्तरणकारी योगदान गरेको बताउनुभयो । उहाँले २०४८ सालको सरकारले एक महिना नधान्ने विदेशी मुद्रा सञ्चितीलाई बढाएर अर्थतन्त्रमा ठूलो परिवर्तन गरेको उल्लेख गर्नुभयो।

"विधिको शासन व्यवस्थाको खोजी, सुशासनको मागसहित यो अनियमित अवस्थामा भएको निर्वाचनबाट आएको सरकारले अनुकूल परिस्थितिमा ल्याएको बजेट छ। अर्थमन्त्रीले नै स्वीकार गरेको संरचनागत समस्याको हल गर्ने कुरामा यो बजेटले पर्याप्त ध्यान दिएको पाइँदैन । हामीले सुधार गर्नुपर्छ भनेर तयार गरेका थुप्रै काम अहिले सरकारले बजेटमार्फत लिएर आएको छ, विगतमा सरकारले थोरै अनुकूलता मिल्दा गरेको सुधारलाई अहिलेको सहज अवस्थामा रहेको सरकारले ध्यान दिएर सुधार गरोस्", सभापति थापाले भन्नुभयो।

सभापति थापाले संसद्भित्र सांसदहरूले क्रमिक सुधार र संरचनागत सुधारका बारेमा हेक्का राखेर ध्यान दिएर बहस तथा छलफलमा सहभागी हुन सक्नुपर्छ भन्नेमा जोड दिँदै अध्यादेशमार्फत भएका सुधार के के कार्यान्वयन भए, के के ठीक थियो भन्ने कुरा सांसदहरूले ध्यान दिनुपर्छ भन्नुभयो । "व्यक्तिगत आयकर १० लाखको सीमा नेपाली कांग्रेसले पनि आफ्नो प्रतिवद्धतापत्रमा समेटेको थियो, यो क्रमिक सुधारको कुरा हो, तर यहाँ चलाखीपूर्ण तरिकाले कर लिने नीति सरकारले लिएको छ, सामान्य वर्गका मानिसले निजी विद्यालयमा पढाउने कुरा विलासी कुरा हैन, सरकारले सामान्य वर्ग र मध्यवर्गलाई यहाँबाट कर लिइरहेको छ, निजी स्वास्थ्य संस्थामा हुने स्वास्थ्य उपचारको माध्यमबाट कर लिइरहेको छ, विद्युत्मा ५० युनिटभन्दा माथि भ्याट लगाउने कार्यले कर बढाइएको छ", उहाँले भन्नुभयो।

उत्पादकत्व बढाउने र रोजगारी सृजना गर्ने कार्यमा अहिलेको बजेटले लिएको नीतिले सहयोग गर्दैन भन्दै सभापति थापाले खेती किसानी गर्ने नेपालका अधिकांश किसानलाई सहयोग पुऱ्याउने कार्यमा यो बजेट रुपान्तरणकारी छैन भन्नुभयो। "कृषि क्षेत्रमा लाग्ने साना किसान ऋणमा डुबिरहेको अवस्थामा सामान्य किसान र मध्यमवर्गीय किसानको हित हुनै नसक्ने गरी रु दुई करोडभन्दा माथिको लगानी गर्नेलाई हित हुने

बाँकी अन्तिम पृष्ठमा ▶▶

## घुस लिँदै गरेका नासु अख्तियारको नियन्त्रणमा

**पोखरापत्र संवाददाता**
मनाङ, ३१ जेठ

भूमि प्रशासन कार्यालय मनाङमा कार्यरत नायबसुब्बा ज्ञानराज कँडेललाई घुस लिँदै गरेको अवस्थामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले नियन्त्रणमा लिएको छ।

जग्गा रोक्का गर्ने काममा सहजीकरण गरिदिने भन्दै सेवाग्राहीसँग घुस माग गरेको उजुरीका आधारमा पोखराबाट खटिएको आयोगको टोलीले आज कँडेललाई नियन्त्रणमा लिएको हो । आयोगका प्रवक्ता सुरेश न्यौपानेद्वारा आज जारी प्रेस विज्ञप्तिअनुसार नायबसुब्बा कँडेललाई सेवाग्राहीबाट रु ४० हजार घुस लिएको अवस्थामा पक्राउ गरिएको हो । सो क्रममा घुस रकमसहित स्रोत नखुलेको रु २१ हजार ७० समेत बरामद भएको उहाँले जानकारी दिनुभयो । नियन्त्रणमा लिइएका कँडेलमाथि थप अनुसन्धान भइरहेको आयोगका प्रवक्ता न्यौपानेले बताउनुभयो । अख्तियारले सार्वजनिक सेवामा हुने भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धनका लागि उजुरीका आधारमा निगरानी तथा कारबाहीलाई निरन्तरता दिँदै आएको जनाएको छ। घटनाबारे थप अनुसन्धानपछि कानुनी प्रक्रिया अगाडि बढाइने आयोगले विज्ञप्तिमा उल्लेख गरेको छ।

## युवा विदेश जान अब बाध्य हुँदैनन्: अर्थमन्त्री वाग्ले

**रासस**
काठमाडौं, ३१ जेठ




अर्थमन्त्री डा स्वर्णिम वाग्लेले आगामी पाँच वर्षमा युवाले अब आफ्नो सपना पूरा गर्न विदेशिनै पर्ने बाध्यता अन्त्य हुने बताउनुभएको छ।

काठमाडौँमा आइतबार आयोजित राष्ट्रिय युवा उद्यमशीलता सम्मेलन, २०८३ मा अर्थमन्त्री डा वाग्लेले आगामी वर्षको बजेटमार्फत युवालाई स्वदेशमै रोजगारी, शिक्षा र अन्य अवसरको पर्याप्त अवसर सृजना गरिने बताउनुभयो । उहाँले देशका युवा आफ्नो सपना पूरा गर्न विदेशिनैपर्ने बाध्यता अन्त्य हुनुपर्ने बताउँदै भन्नुभयो, "अब त्यस्तो स्थिति आउन नदिन जग बसाल्न बजेटबाट नीतिगत पहल सुरु गरेका छौं । बजेटको कार्यान्वयनले त्यसको बाटो समात्छ।"

देशभरका युवा उद्यमीलाई सम्बोधन गर्दै अर्थमन्त्री डा वाग्लेले करमा सहुलियत, बक्यौता उल्झनमा रहेका उद्यमी र व्यवसायीलाई छुटको सहुलियत, सरकारी प्रशासनको डिजिटलाइजेसन र सुशासनका एजेन्डा कार्यान्वयनले देश निर्माणको नयाँ बाटामा अघि बढ्ने जनाउनुभयो । बजेटमा करको दर घटाएर रु एक लाखसम्म कमाउने युवालाई महत्वपूर्ण सहुलियत दिएर करको झन्झटबाट मुक्ति दिइएको उहाँको भनाइ थियो। अर्थमन्त्री डा वाग्लेले त्यसको फाइदा लिन सबैलाई आग्रह गर्नुभयो। बजेट बनाउँदा युवाको उद्यमशील सोच र योजनालाई फैलाउने गरी धेरै सोचिएको र त्यसैअनुसारका कार्यक्रम घोषणा भएका उहाँले बताउनुभयो।

## भारतीय पर्यटकलाई पोखरा घुम्ने निम्तो

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ जेठ

भारतीय सहर कोलकातामा पोखरा र कोलकाताका पर्यटन व्यवसायीबीच व्यावसायिक साझेदारी 'बिटुबी' एवं 'सेल्स मिसन' सम्पन्न भएको छ।

नेपाल एसोसिएसन अफ टुर एन्ड ट्राभल्स एजेन्टस् (नाट्टा) गण्डकीको 'पोखरा-नेपाल प्रवर्द्धन अभियान २०२६' अन्तर्गत शनिबार आयोजित 'बिटुबी' एवं 'सेल्स मिसन'मार्फत पोखरा र कोलकाताबीच पर्यटन साझेदारीलाई अगाडि बढाइएको हो । त्यस क्रममा पोखराका पर्यटन व्यवसायीले भारतीय पर्यटन व्यवसायीलाई आकर्षक 'प्याकेज' सहितको भ्रमण योजना प्रस्तुत गरेका थिए । भारतीय पर्यटन व्यवसायीले आगामी दिनमा थप भारतीय पर्यटक नेपाल पठाउने प्रतिबद्धता जनाएको नाट्टा गण्डकीका अध्यक्ष किशोर दाहालले बताउनुभयो।

भारतीय पर्यटन व्यवसायीले पोखरा, मुक्तिनाथ, अन्नपूर्ण क्षेत्र र गण्डकी प्रदेशका अन्य पर्यटकीय गन्तव्यलाई भारतीयमाझ चिनाउने र घुम्नका लागि प्रेरित गर्ने बताएको उहाँको भनाइ छ। कार्यक्रममा कोलकातास्थित नेपाली महावाणिज्यदूत झक्कप्रसाद आचार्यले पर्यटनले नेपाल र भारतबीचको मित्रता, संस्कृति र आर्थिक समृद्धिमा थप टेवा पुग्ने बताउनुभयो। 'बिटुबी' एवं 'सेल्स मिसन'ले पश्चिम बङ्गाल र पोखराबीच सहकार्य र पर्यटन विस्तारका लागि नयाँ आधार तयार गरेको उहाँको भनाइ थियो। पोखरा पर्यटन परिषद्का निवर्तमान अध्यक्ष पोमनारायण श्रेष्ठले पोखरा र कोलकाताबीच सांस्कृतिक र जनस्तरको सम्बन्ध रहेको बताउनुभयो । उहाँले पर्यटन साझेदारीले दुवै ठाउँले लाभ लिन सक्ने धारणा राख्नुभयो। कार्यक्रममा सहभागी भारतीय पर्यटन व्यवसायीले पोखरालाई दक्षिण एसियाकै उत्कृष्ट पर्यटन गन्तव्यमध्ये एक भएको बताएका थिए। पर्यटकीय राजधानी पोखरासहित गण्डकी प्रदेशको पर्यटन प्रवर्द्धनका लागि पोखरा र कोलकाताका पर्यटन व्यवसायीबीच व्यावसायिक साझेदारी 'बिटुबी' एवं 'सेल्स मिसन' आयोजना गरिएको हो।

अध्यक्ष दाहालले पश्चिम बङ्गालका बासिन्दालाई लक्षित गरेर कोलकातामा पोखराको पर्यटन प्रवर्द्धन गरिएको बताउनुभयो। "पछिल्लो समय पोखरासहित नेपालका विभिन्न गन्तव्यस्थलमा भारतीय पर्यटकको आवागमन बढेको छ", उहाँले भन्नुभयो, "बिटुबी कार्यक्रमले नेपालमा भारतीय पर्यटकको सङ्ख्यालाई थप वृद्धि गर्न मद्दत पुग्नेछ।"

कार्यक्रममा पोखरासहित समग्र नेपालको पर्यटन गतिविधि समेटिएको वृत्तचित्र, प्रवर्द्धनात्मक सामग्री प्रदर्शन एवं वितरण गरिएको थियो। कार्यक्रममा टूर अपरेटर्स वेलफेयर एसोसिएसन, इन्डियन एसोसिएसन अफ टुर अपरेटर्स, ट्राभल एजेन्ट्स एसोसिएसन अफ बङ्गाल, एसोसिएसन अफ बुद्धिस्ट टुर अपरेटर्स तथा एसोसिएसन अफ टुरिजम सर्भिस प्रोभाइडर्स अफ बङ्गालका प्रतिनिधिहरूको सहभागिता थियो। नाट्टा गण्डकीले यसअघि भारतको पटना, बाराणासी, अयोध्या, गोरखपुर र सिलुगुढीमा पोखराको पर्यटन प्रवर्द्धनसँगै 'बिटुबी' एवं 'सेल्स मिसन' आयोजना गरिसकेको छ।

## एबिसी पदमार्गमा पर्यटकीय पूर्वाधार थपिँदै

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ जेठ

अन्नपूर्ण क्षेत्रमा पर्ने अन्नपूर्ण आधार शिविर (एबिसी) पदमार्गको स्तरोन्नति सुरु गरिएको छ। स्वदेशी तथा विदेशी पर्यटकको आकर्षण बढेसँगै पदयात्रालाई सहज बनाउने उद्देश्यले उक्त मार्गलाई थप सुरक्षित, व्यवस्थित र पर्यटकमैत्री बनाउन थालिएको हो।

अन्नपूर्ण क्षेत्रलाई अन्तरराष्ट्रिस्तरको सुरक्षित र आकर्षक पदयात्राको गन्तव्यका रूपमा विकास गर्नेगरी कास्कीको घान्द्रुक देउरालीबाट माछापुच्छ्रे आधार शिविर (एमबिसी) सम्मको पदमार्ग स्तरोन्नति तथा पर्यटकीय पूर्वाधार निर्माण भइरहेको अन्नपूर्ण गाउँपालिकाले जनाएको छ । हिमपात, पहिरो, वर्षा तथा चट्टान खस्ने जोखिमका कारण संवेदनशील मानिने देउराली-एबिसी खण्डमा ढुङ्गे सिँढी निर्माण, पदमार्ग चौडा बनाउने, जोखिमयुक्त स्थानमा सुरक्षात्मक संरचना निर्माण तथा आवश्यक पर्यटकीय पूर्वाधार विकासको काम भइरहेको गाउँपालिकाका अध्यक्ष विष्णुबहादुर केसीले जानकारी दिनुभयो।

उहाँका अनुसार नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश र अन्नपूर्ण गाउँपालिकाको संयुक्त लगानीमा चालु आर्थिक वर्षमा रु ४५ लाख लागतमा काम भइरहेको हो । पदमार्ग स्तरोन्नतिपछि हिमाली पर्यटनको प्रमुख गन्तव्य अन्नपूर्ण क्षेत्रको आकर्षणलाई अझ बढाउने अध्यक्ष केसीले विश्वास व्यत्तल गर्नुभयो। "एबिसी ट्रेकिङ स्वदेशी तथा विदेशी पर्यटकको आकर्षण बढेको छ । अन्नपूर्णको महत्त्व विश्वभर छ। त्यसैले यस क्षेत्रमा पुग्ने पर्यटकलाई थप सुविधा होस् भनेर पदमार्ग बनाउन लागेका हौं", उहाँले भन्नुभयो।

समुद्री सतहबाट तीन हजार ५०० मिटरभन्दा माथिको दुर्गम क्षेत्रमा निर्माण भइरहेको पूर्वाधारले विशेषगरी अन्नपूर्ण आधार शिविर पुग्ने स्वदेशी तथा विदेशी पर्यटकको सुरक्षालाई प्राथमिकतामा राखिएको गाउँपालिकाले जनाएको छ । अन्नपूर्ण-११ का वडाध्यक्ष हिमबहादुर गुरुङले पदमार्ग सुधारपछि पदयात्रा अझ सुरक्षित, सहज र व्यवस्थित बन्ने विश्वास व्यक्त गर्नुभयो । "देउराली-माछापुच्छ्रे बेसक्याम्प पदमार्ग सुधारले पर्यटकलाई सहज हुनेछ। यसका साथै स्थानीय होटल व्यवसाय, यातायात सेवा, कृषि उत्पादनको बजारीकरण तथा पर्यटनसँग सम्बन्धित आर्थिक गतिविधिमा सहयोग पुग्नेछ", उहाँले भन्नुभयो।

अन्नपूर्ण हिमशृङ्खला, माछापुच्छ्रे र हिमचुली हिमालका मनमोहक दृश्यले एबिसी नेपालकै सबैभन्दा लोकप्रिय हिमाली पदयात्रामध्ये एकमा पर्दछ। पदमार्ग स्तरोन्नति सम्पन्न भएपछि यात्रुहरूले अझ सुरक्षित, सहज र गुणस्तरीय सेवा प्राप्त गर्ने विश्वास गरिएको छ। गाउँपालिकाले आगामी दिनमा अन्य पदमार्ग स्तरोन्नति, विश्रामस्थल तथा सूचना केन्द्र तथा पर्यटन पूर्वाधार विकासका योजनालाई समेत प्राथमिकताका साथ अघि बढाउने जनाएको छ।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# कास्की जिल्ला क्रिकेट संघको अध्यक्षमा दीपेन्द्र प्रताप चन्द

पोखरापत्र संवाददाता
पोखरा, ३१ जेठ

कास्की जिल्ला क्रिकेट संघको छैटौ साधारण सभा तथा चौथो अधिवेशनबाट दीपेन्द्र प्रताप चन्द अध्यक्षमा निर्वाचित भएका छन् ।

संघको उपाध्यक्षमा चन्द्रकुमार गुरुङ (जिम्मी) सचिवमा विजय रावत, कोषाध्यक्षमा दुर्गा बहादुर चन्द तथा सदस्यहरूमा देवेन्द्र प्रजु, गोविन्द प्रधान, विधान श्रेष्ठ, दीपक बराल, दिलीप अग्रहरी, आशिष बराल, भोजराज बराल, जय प्रकाश थापा (पप्पु), ऋषिकेश शर्मा पौडेल, पूर्ण चन्द न्यौपाने र गुना लुयाली निर्वाचित भएका हुन् ।

कुल ७३ मतदाता रहेको कास्की जिल्ला क्रिकेट संघको अधिवेशनमा ६७ मत खसेको थियो । अध्यक्ष पदका लागि भएको प्रतिस्पर्धात्मक निर्वाचनमा चन्दले ४० मत प्राप्त गर्दै विजयी



भए भने उनका निकटतम प्रतिद्वन्द्वी दिपेश खत्रीले २७ मत प्राप्त गरे ।

उपाध्यक्ष पदमा चन्द्र प्रसाद गुरुङ 'जिम्मी' ३८ मतसहित निर्वाचित भए । उनका प्रतिस्पर्धी विरेन्द्र पुनले २९ मत प्राप्त गरे । त्यस्तै सचिव पदमा विजय राउतले ४५ मत ल्याउँदै स्पष्ट जित हासिल गरे भने कमल थापाले २२ मत प्राप्त गरे । कोषाध्यक्षमा दुर्गा बहादुर चन्द ४३ मतसहित निर्वाचित हुँदा बम बहादुर कुँवरले २३ मत प्राप्त गरे ।

यसै गरी कार्यसमिति सदस्यमा ऋषिकेश शर्मा (५७), गोविन्द प्रधान (४७), देवेन्द्र प्रजु (४१), विधान श्रेष्ठ (५५), दीपक बराल (३६), दिलिप अग्रहरी (३६), आशिष बराल (४४), भोजराज बराल (५६), जयप्रकाश थापा (४४) र पूर्णचन्द्र न्यौपाने (३९) मत प्राप्त गर्दै निर्वाचित भएका छन् । पछिल्लो समय कास्की क्रिकेटले जिल्लास्तरमा खेल पूर्वाधार, प्रतिभा विकास र प्रतियोगिता सञ्चालनमा सक्रियता बढाइरहेका बेला नयाँ कार्यसमितिले ती गतिविधिलाई अझ प्रभावकारी बनाउने जनाएको छ ।

यस अघि सो कार्यक्रमको कास्कीका प्रमुख जिल्ला अधिकारी कुमानसिंह गुरूङले उद्घाटन गर्दै क्रिकेटमा देखिएको उत्साहसँगै कास्कीको क्रिकेट जग बलियो बनाउन आग्रह गरे । कास्की क्रिकेट संघका अध्यक्ष सञ्जय कान्त सिग्देलको अध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा क्यानका केन्द्रिय सदस्य सुदिप शर्मा, गण्डकी खेलकुद परिषदका सदस्य रविन्द्र बहादुर प्रजु, पोखरा उद्योग बाणिज्य संघका अध्यक्ष गोकर्ण कार्की, जिल्ला खेलकुदका उपाध्यक्ष तिलक बहादुर अधिकारी लगायतले क्रिकेट खेलको विकासमा एक हुन आग्रह गर्नु भएको थियो ।



अन्नपूर्ण हिमालको फेदीः अन्नपूर्ण गाउँपालिकास्थित चार हजार १३० मिटर उचाइमा रहेको अन्नपूर्ण बेसक्याम्प नजिकबाट देखिएको अन्नपूर्ण हिमालका फेदी । यहाँ जलयायु परिवर्तनको असरका कारण हिउँ पर्ने क्रम घट्दै गएको छ । तस्बिर : विष्णु नेपाल / रासस

# अधिकृत बिक्रेता संघ पोखराको स्थापना दिवसमा 'बृहत निशुल्क स्वास्थ्य शिविर'

पोखरापत्र संवाददाता
पोखरा, ३१ जेठ

अधिकृत बिक्रेता संघ पोखराले १९ औं स्थापना दिवसको अवसरमा विविध कार्यक्रमहरु आयोजना गरी दिवस मनाएको छ ।

संघले शनिवार "बृहत निशुल्क स्वास्थ्य शिविर" कार्यक्रमको आयोजना गर् यो । शिविरमा झण्डै तीनसय जनाले बिभिन्न रोगको स्वास्थ्य परिक्षण, दाँत सम्बन्धी रोगको उपचार, स्वास्थ्य परामर्श तथा विभिन्न रोगहरुको उपचार गरी लावान्वित भएका छन् । शिविरमा दाँत सम्बन्धी रोगको निशुल्क औषधी समेत वितरण गरिएको थियो । मेडिप्लस हस्पिटल एण्ड



ट्रमा सेन्टर, तथा अर्किड डेण्टल एण्ड अर्थोडन्टिक सेन्टर, रानीपौवाको प्राविधिक सहयोगमा शिविर सञ्चालन गरिएको हो ।

संघले सदस्यहरू र समुदायप्रतिको सामाजिक उत्तरदायित्व वहन स्वरूप यस प्रकारको कार्यक्रम आयोजना गरेको संघका अध्यक्ष तेजेन्द्र पौडेलले जानकारी दिए । हरेक वर्ष संघले स्थापना दिवसका अवसरमा यस प्रकारको स्वास्थ्य संग सम्बन्धीत एवं जन सरोकारका कार्यक्रम गर्दै आएको पनि उनले जनाए । आगामी वर्षहरूमा पनि संघले आफ्ना सदस्य तथा समुदाय प्रति विशेष ध्यान दिदै बिभिन्न सामाजिक कार्यहरु गर्दै अगाडी बढ्ने अध्यक्ष पौडेलको प्रतिबद्धता थियो । कार्यक्रममा संघका संस्थापक अध्यक्ष गोबिन्दप्रसाद कर्माचार्य, पूर्व अध्यक्ष हरिराज पन्त, निवर्तमान अध्यक्ष मनोजकुमार श्रेष्ठ , संघका वरिष्ठ उपाध्यक्ष दिलिपकुमार श्रेष्ठ, महासचिब राजेन्द्र श्रेष्ठ, कार्यक्रम संयोजक ज्ञानेन्द्रनाथ गौतम लगायतले संघ मार्फत आवद्ध सदस्य साथीहरु तथा समाजका हरेक वर्गलाई लाभान्वित हुने खालका सामाजिक तथा रचनात्मक कार्यक्रमहरू सञ्चालन गर्दै जाने बताएका थिए । संघले आफ्नो १९ औं स्थापना दिवसका अवसरमा एक हप्ता सम्म विविध खेलकुदहरू लगाएत सदस्य आवद्ध बिभिन्न मनोरञ्जनात्मक कार्यक्रमहरू सञ्चालन गर्ने पनी बताईएको छ ।

# चौथो गण्डकी प्रदेशस्तरीय जिम्नास्टिकमा कास्की प्रथम

पोखरापत्र संवाददाता
पोखरा, ३१ जेठ

यहाँ आइतबार सम्पन्न चौथो गण्डकी प्रदेशस्तरीय जिम्नास्टिक प्रतियोगितामा कास्की जिल्ला प्रथम भएको छ ।

सैनिक बोर्डको जिम्नास्टिक प्रशिक्षण केन्द्रमा पुरुष तथा महिलाबीच भएको उक्त प्रतियोगितामा स्याङ्जा दोस्रो तथा बागलुङ तेस्रो भयो । गण्डकी प्रदेशअन्तर्गतका स्याङ्जासहित, कास्की, बागलुङ, नवलपुर र पर्वतका महिला पुरुष गरी ३८ प्रतिस्पर्धी सहभागी भएका थिए । 'फ्लोर इभेन्टस' र ' भल्टिङ इभेन्टस' गरी दुई विधामा खेलाइएको उक्त प्रतियोगितामा 'फ्लोर इभेन्टस' स्याङ्जाका सोनिस थापा प्रथम, स्याङ्जाका श्रवण परियार द्वितीय र कास्कीका साइमन थापा तृतीय भएका हुन् । त्यस्तै, ' भल्टिङ इभेन्टस' को पुरुषतर्फ कास्कीका मियोन गुरुङ प्रथम, कास्कीका सार्जन श्रेष्ठ द्वितीय र स्याङ्जाका सोनिस थापा तृतीय भएका वालिङ नगरपालिका जिम्नास्टिक सङ्घका अध्यक्ष ताराप्रसाद श्रेष्ठले बताउनुभयो ।

महिलातर्फ 'फ्लोर इभेन्टस' मा कास्कीकी लीला थापा प्रथम, स्याङ्जाकी जेनिशा गुरुङ द्वितीय र कास्कीकी मोनालिसा कार्की तृतीय भएकी हुन् । ' भल्टिङ इभेन्टस' मा महिलातर्फ कास्कीकी मोनालिसा कार्की प्रथम, स्याङ्जाकी नेशा गुरुङ द्वितीय, कास्कीकी लीला थापा, स्याङ्जाकी साधवी श्रेष्ठ र कास्कीकी क्रिस्टिना मश्राङ्गी तृतीय भएको उहाँले जानकारी दिनुभयो । महिला तथा पुरुष प्रतिस्पर्धीलाई दुई विधामा गराइएको समग्र प्रतियोगिता अवधिभर सबैभन्दा धेरै पदक कास्कीले जितेकाले कास्की प्रथम भएको हो । प्रतियोगिताबाट उत्कृष्ट खेलाडीलाई आगामी दशौँ राष्ट्रिय खेलकुदको छनोटको तयारीका लागि सहभागी गराइने भएको हो । गण्डकी प्रदेश जिम्नास्टिक सङ्घको व्यवस्थापन, वालिङ नगरपालिका जिम्नास्टिक सङ्घको संयोजनमा दुई दिन प्रतियोगिता सञ्चालन भएको हो ।






## देशलाई ...

गरी अनुदान ल्याइएको छ, यो मध्यवर्ग केन्द्रित छैन, उत्पादनको लागत घटाउने र उत्पादकत्व वृद्धि गर्ने तिर बजेटले ध्यान दिन सकेको छैन, सूचना प्रविधिको क्षेत्रमा निजी क्षेत्रलाई प्रोत्साहन गर्नेभन्दा सरकार आफैं गर्छु भनेर रुमल्लिने र यसको दायरालाई साँघुरो बनाउनेतीर लागेको छ, भूमि बैंकको सन्दर्भमा नियमावली मात्रै बनाए पुग्ने अवस्थामा सरकारले ध्यान दिन सकेको छैन", सभापति थापाले भन्नुभयो ।

सहुलियत ऋणलाई सही परिचालन गर्ने कुराको कांग्रेसले सहयोग गर्छ भन्दै उहाँले खराब कुराको विरोध र सही कुरामा समर्थन गर्ने तथा अनावश्यक कुरामा विरोध गरेर बखेडा नगर्ने बताउनुभयो । "परिणाममा आधारित रहेर सही नीतिमा समर्थन र गलत नीतिमा विरोध गर्छौं", सभापति थापाले भन्नुभयो । विस २०४८ को जस्तो अनुकूलता र २०१५ सालको जस्तो जनसमर्थन प्राप्त गरेको वर्तमान सरकारले सकारात्मक आर्थिक रुपान्तरण, विधिको शासनम ध्यान दिनुपर्छ भन्दै सभापति थापाले कानुनलाई हतियारको रुपमा प्रयोग गर्नेभन्दा विधिको शासन र सर्वोत्तम हितका लागि हुनुपर्छ भन्नुभयो ।

# पिसिएम कप प्लस टु बास्केटबलमा छात्र/छात्रा दुवै उपाधि एमिसीलाई

पोखरापत्र संवाददाता
पोखरा, ३१ जेठ

पोखरा कलेज अफ म्यानेज्मेण्टद्वारा आयोजित प्रथम पिसिएम कप प्लस टु छात्र/छात्रा बास्केटबल प्रतियोगिताको उपाधी छात्र/छात्रा दुबैतर्फ टिम एमिसीले जितेको छ ।

नदिपुरस्थित कलेजकै बास्केटबल कोर्टमा भएको छात्रतर्फको फाइनलमा एमिसीले साझपानी 'बि' लाई पराजित गर्दै प्रथम स्थान हाँसिल गरेको हो । त्यस्तै छात्रातर्फ फाइनलमा एमिसीले टिम मुस्कानलाई पराजित गर्दै प्रथम स्थान हाँसिल गर्यो ।

छात्रतर्फ २४ र छात्रातर्फ ६ टिमको सहभागिता रहेको थियो । जितसंगै छात्रतर्फ एमिसीले नगद रु १५ हजार सहित ट्रफि, मेडल प्रमाण-पत्र पुरस्कार प्राप्त गर्यो । उपविजेता साझपानीले नगद १० हजार सहित ट्रफि, मेडल प्रमाण-पत्र पुरस्कार प्राप्त गर्यो ।

प्रतियोगितामा छात्रातर्फ प्रथम भएको एमिसीले नगद १० हजार सहित ट्रफि, मेडल प्रमाण-पत्र पुरस्कार प्राप्त गर्दा उपविजेता मुस्कानले नगद ५ हजार सहित ट्रफि, मेडल प्रमाण-पत्र पुरस्कार प्राप्त गरेको खेल संयोजक बिबिए दिवा तथा बिबिए फाइनान्स संयोजक सरोज कुँवरले जानकारी दिनुभयो । 'च्याम्पिन फर टुडे, लिडर्स फर टुमारो' भन्ने नाराका साथ भएको प्रतियोगिताको एक समारोहका



बिच कलेज प्राचार्य लिना नेगी श्रेष्ठले रेफ्रिलाई बल हस्तान्तरण गरेर उद्घाटन गर्नुभएको थियो । सो अवसरमा उहाँले युवा नेतृत्व विकास तथा विद्यार्थी मैत्री गतिविधी बढाउने उद्येश्यका साथ उक्त प्रतियोगिता आयोजना गरिएको बताउनुभयो ।






फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।

– कालीदास

## सम्पादकीय

# कांग्रेसको एकता सिद्धान्त र विचारमा छ

नेपाली कांग्रेसको १५ औं महाधिवेशन सदस्यता अध्याबधीकै निहुँमा विभाजन रोक्ने प्रयास भएको छ। विशेष महाधिवेशनबाट नेतृत्व लिएका गगन थापा र विश्व प्रकाश शर्माले विभाजन रोक्न ठोस पहल लिन सकेका छैनन् । विभाजन रोक्न बाहिर प्रचारको विषय बनाउनु हुँदैन । आन्तरिक बहस र छलफलले मात्र समाधान दिन सक्छ । कांग्रेसका उपसभापति विश्वप्रकाश शर्माले पार्टीभित्रको असन्तुष्ट पक्षलाई आन्तरिक रूपमा पठाएको सातबुँदे सहमतिको प्रस्ताव सार्वजनिक भएको छ।

जेठ १६ गते आन्तरिक रूपमा पठाइएको उक्त प्रस्तावमा १६ दिनसम्म इतर पक्षबाट कुनै जवाफ नआएपछि सार्वजनिक गरिएको हो। समस्याको गाँठो नफुकाई प्रचारका लागि गरिने काम विभाजन चाहनेलाई खेल्ने ठाउँ हुन सक्छ। 'सबैसँगै बढौं यसरी' शीर्षकमा तयार गरिएको प्रस्तावमा विशेष महाधिवेशनपछि देखिएको राजनीतिक अवस्थालाई स्वीकार गर्दै विगतका मतभेद बिर्सेर पार्टीलाई एकताबद्ध रूपमा अघि बढाउन आग्रह गरिएको छ । प्रस्तावको पहिलो बुँदामा पार्टी विधानको दफा १७ (२) बमोजिम सम्पन्न विशेष महाधिवेशन, निर्वाचन आयोगले गरेको अद्यावधिक तथा सर्वोच्च अदालतबाट भएको अन्तिम निर्णयलाई आत्मसात् गर्दै सबै विवादलाई बिर्सेर एकताबद्ध भएर अघि बढ्नुपर्ने उल्लेख गरिएको छ । साथै विशेष महाधिवेशनको प्रक्रिया र परिणामप्रति असहमति भए त्यसलाई १५औं महाधिवेशनको बन्दसत्रमा मौखिक वा लिखित रूपमा राजनीतिक एजेन्डाका रूपमा उठाउन सकिने व्यवस्था पनि प्रस्ताव गरिएको छ।

यसैगरी विशेष महाधिवेशनमा सहभागी भएको वा नभएको आधारमा कुनै पनि सदस्यप्रति विभेदपूर्ण व्यवहार नगर्ने प्रतिबद्धता पनि प्रस्तावमा समावेश गरिएको छ । दोस्रो बुँदामा १५औं महाधिवेशनको तयारीका क्रममा क्रियाशील सदस्यता अध्यावधिकको काम निर्धारित समयभित्र सम्पन्न गर्ने तथा यससम्बन्धी विधानमा रहेका अस्पष्टतालाई स्पष्ट पारेर अघि बढ्ने उल्लेख छ। तेस्रो बुँदामा लामो समयदेखि पार्टीमा योगदान दिएका अग्रज नेताहरूलाई केन्द्रीय समितिमा 'वरिष्ठ नेता'का रूपमा सम्मानजनक भूमिका प्रदान गर्ने प्रस्ताव गरिएको छ । चौथो बुँदाअनुसार विगतमा केन्द्रीय समितिमा रहेका वा नरहेका, जिम्मेवारी निर्वाह गर्न इच्छुक व्यक्तिहरूलाई सम्मानजनक रूपमा केन्द्रीय समितिमा समावेश गर्ने तथा कार्यसम्पादन समितिमा पनि उचित सहभागिता सुनिश्चित गर्ने प्रस्ताव गरिएको छ । साथै महाधिवेशनमा स्वतः प्रतिनिधि हुने पुरानो परम्पराको अन्त्य गर्दै केन्द्रीय समितिका सबै सदस्यले वडा तहबाटै प्रतिनिधि निर्वाचित भएर आउनुपर्ने व्यवस्था गर्नुपर्ने धारणा पनि राखिएको छ।

पाँचौं बुँदामा १५औं महाधिवेशन सञ्चालन गर्ने निर्वाचन समिति, अनुशासन समिति र क्रियाशील सदस्यता व्यवस्थापन समितिमा सम्मानजनक सहभागिता र सहकार्यको प्रस्ताव गरिएको छ। छैटौं बुँदामा केन्द्रीय समितिको अंगका रूपमा १५औं महाधिवेशन व्यवस्थापन समिति गठन गर्ने प्रस्ताव गरिएको छ भने सातौं बुँदामा भ्रातृ तथा शुभेच्छुक संस्थाहरूमा काम गर्न इच्छुक नेताहरूलाई सभापति, पदाधिकारी वा उनीहरूको योग्यता र इच्छाअनुसार जिम्मेवारी प्रदान गर्ने व्यवस्था गर्नुपर्ने उल्लेख गरिएको छ । उपसभापति शर्माको यो प्रस्ताव विशेष महाधिवेशनपछि पार्टीभित्र देखिएको असन्तुष्टि अन्त्य गर्दै संवाद, सहकार्य र एकताको आधार तयार गर्ने प्रयासका रूपमा थियो।

विशेष महाधिवेशनको विपक्षमा रहेको समूहले निर्वाचन आयोग र अदालतले काङ्ग्रेस टुक्राउने काम भएको भन्दै आएको छाराजनीतिक दल मुद्दा मामिलामा फस्नु राजनीतिक चरित्र गुमाउँदै जानू हो।दललाई एकताबद्ध बनाउने भनेको सिद्धान्त र विचारले हो।सिद्धान्त छोड्ने र विचारमा अस्पष्ट भएको दललाई अड्डा अदालतले जुटाउन सक्दैन। देशको पुरानो लोकतान्त्रिक दललाई जोगाउन संवाद, संवादबाट सकिन्छ । संस्थापन र संस्थापन इतरका नेताहरुले प्राविधिक कुरामा निहुँ नखोजी राजनीतिक सहमति खोजेमा प्रचारवाजी गर्नपर्दैन।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : आर्थिक समस्या |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : कार्यमा सफलता |
| कर्कट | : झमेला बढ्ने | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : शुभ यात्रा | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : स्वास्थ्यमा सुधार | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# सुनितालाई घरमै नागरिकता

पोखरापत्र संवाददाता
पर्वत, ३१ जेठ

जन्मेदेखि नै पूर्ण अपाङ्गताको जीवन बिताउँदै आएकी पर्वतको जलजला गाउँपालिका-४ फङ् केढुङ्गाकी २४ वर्षीया सुनिता विकले घरमै नागरिकता पाएकी छिन् ।

चौविसै घण्टा बिस्तारामै पल्टिरहने भएका कारण परिवारले सदरमुकाम कुश्मामा रहेको जिल्ला प्रशासन कार्यालयसम्म ल्याउन नसक्ने भएपछि आज घरमै लगेर नागरिकता वितरण गरिएको हो । प्रमुख जिल्ला अधिकारी लक्ष्मीप्रसाद पौडेलसहित कार्यालयका कर्मचारी, स्थानीय वडाध्यक्ष भरत जिसी लगायतको सहभागितामा नागरिकता हस्तान्तरण गरिएको हो।

कार्यालयसम्म आएर सेवा लिन नसक्नेहरुलाई नागरिकता जस्तो महत्वपूर्ण कागजातबाट वञ्चित हुन नपरोस् भनेर घरमै ल्याएर वितरण गरिएको प्रमुख जिल्ला अधिकारी पौडेलले जानकारी दिनुभयो । उहाँका अनुसार अपाङ्गताको प्रकृति हेर्दा अत्यन्तै दयनीय रहेकाले सदरमुकाममा बोलाने कुनै उपायसमेत नभएको बताउनुभयो। नागरिकता पाएसँगै राज्यबाट पाउने सामाजिक सुरक्षा भत्ता लगायतका अन्य सहयोग प्राप्त गर्न सहज हुने प्रजिअ पौडेलको भनाइ छ । पीडित सुनिताका बाबु काला सुनारले पोलियो रोगका कारण छोरीको यस्तो अवस्था भएको बताउनुभयो । जुनसुकै अस्पतालमा लैजाँदा पनि निको हुन नसकेको बताउँदै उहाँले पूर्ण रुपमा अपाङ्गता हुँदा परिवार नै समस्यामा परेको बताउनुभयो । खाना खुवाउने, सरसफाइ गरिदिन एक जना पूर्ण रुपमा खटिनुपर्दा परिवारको अन्य गुजारा चलाउन समस्या भएको सुनारले बताउनुभयो।

सुनिताका दुई दाजुको स्वास्थ्य अवस्था राम्रै छ। तेस्रो सन्तानको रुपमा जन्मिएकी उनी सुरुका आठ महिनासम्म ठीकठाकै भए पनि त्यसपछि स्वास्थ्य बिग्रिदै गएको र अपाङ्गताले थलिँदै गएको सुनारले बताउनुभयो । नागरिकता बनेसँगै अब नियमित वडा कार्यालवाट भत्ता दिइने जलजला-६ का वडाध्यक्ष भरत जिसीले जानकारी दिनुभयो।

# २८ वर्षपछि पुनरागमन गरेको स्कटल्याण्डले हाइटीलाई हरायो

रासस
काठमाडौं, ३१ जेठ

हाइटीलाई पराजित गर्दै स्कटल्याण्डले फिफा विश्वकप फुटबल प्रतियोगिता २०२६ मा सुखद सुरुआत गरेको छ।

अमेरिकाको बोस्टन स्टेडियममा आइतबार सम्पन्न समूह 'सी' को खेलमा स्कटल्याण्डले हाइटीलाई १-० गोलअन्तले पराजित गर्दै विश्वकपको आफ्नो उद्घाटन खेलमा सुखद सुरुआत गरेको हो । २८ वर्षपछि विश्वकपमा फर्किएको स्कटल्याण्डले जितसँगै शीर्ष तीन अङ्क जोडेको छ । स्कटल्याण्डले पछिल्लो पटक सन् १९९८ मा विश्वकप खेलेको थियो । त्यसपछि लगातार छनोट हुन सकेको थिएन । स्कटल्याण्डको जितमा जोन म्याकगिनलले गरेको एक गोल नै निर्णायक गोल साबित भयो । उनले खेलको पहिलो हाफको २८औं मिनेटमा गोल गरे। समूह 'सी' अन्तर्गत आज बिहान सम्पन्न खेलमा पाँच पटकको विश्वकप विजेता ब्राजिलले मोरक्कोसँग १-१ गोलको बराबरी खेल्दै अङ्क बाँडेको थियो। यस समूह 'सी' मा स्कटल्याण्ड तीन अङ्कका साथ शीर्ष स्थानमा छ भने मोरक्को एक अङ्कका साथ दोस्रो स्थानमा छ।

त्यस्तै, समान एक अङ्क नै बटुलेको ब्राजिल तेस्रो स्थानमा छ। अङ्कविहीन रहेको हाइटी चौथो स्थानमा छ।

# यु-१९ राष्ट्रिय महिला क्रिकेट: मधेस र सुदूरपश्चिम फाइनलमा

रासस
काठमाडौं, ३१ जेठ

कर्णाली प्रदेशको राजधानी सुर्खेत वीरेन्द्रनगरमा जारी प्रथम यु-१९ राष्ट्रिय महिला क्रिकेट प्रतियोगिताको फाइनलमा मधेश र सुदूरपश्चिम प्रदेश प्रवेश गरेका छन्। उपाधिका लागि दुई प्रदेशबीच भिडन्त हुने पक्का भएको छ।

समूह चरणको अन्तिम खेलमा मधेशलाई ७ विकेटले पराजित गर्दै सुदूरपश्चिमले पुनःफाइनलमा मधेशलाई नै प्रतिष्पर्धीका रुपमा पाएको हो । आज भएको समूह चरणको अन्तिम खेलमा कर्णालीलाई हराउँदै फाइनल पुग्ने झिनो सम्भावना कायम राखेको गण्डकीका लागि मधेशमाथि सुदूरपश्चिमले जित निकालेसँगै फाइनलमा जाने आश टरेको थियो। अघिल्ला ६ खेलमा अपराजित रहँदै आएको मधेश प्रतियोगिताकै पहिलो हार व्यहोर्ने क्रममा सुदूरपश्चिमविरुद्धको खेलमा पछि परेपछि उपाधि दाबेदारका रुपमा फाइनल पुगेको हो। कालुङ्चोक मैदानमा ११८ रनको लक्ष्य पछ्याएको सुदूरपश्चिमकी ओपनर सावित्री धामी र करुणा विष्टले ८ ओभरसम्म टिकेर ६८ रनको उत्कृष्ट साझेदारी गर्दै जितका लागि बलियो जग बसालिन् । चौबिस रनको व्यक्तिगत स्कोरमा धामी सुष्मिताकुमारी यादवबाट बोल्ड भएको केहीबेरमै करुणा रन आउट हुँदा मधेशतर्फ ढल्किएको खेललाई रश्मी सुनारले १५ र रविना धामीले १८ रन बटुल्दै आफ्नो पोल्टामा पारे। ३० बलको सामना गरेकी करुणाले १७० को स्ट्राइक रेटमा ९ चौकासहित ५१ रनको आक्रामक पारी खेलिन। त्यसअघि पहिला ब्याटिङ गरेको मधेशका लागि सना प्रविन र प्रतिमा साहको समान २३-२३ रनको मद्दतमा ११७ को योगफल खडा गऱ्यो। मधेसका लागि आरती महतो र शिवानी साहले समान १०-१० रन जोडे।

आइतबार नै भएको अर्को खेलमा गण्डकीले घरेलु टोली कर्णालीमाथि ८ विकेटको फराकिलो जीत निकाल्यो । घरेलु मैदानमा टस जितेर पहिला ब्याटिङ थालेको कर्णालीले २० ओभरको खेलमा ४ विकेट गुमाउँदै जम्मा ९६ रन जोड्यो । कप्तान तिर्सना विश्वकर्मा १ रनले अर्धशतक बनाउनबाट चुकेकी थिइन् । ओपनर सोविका शाही शून्यमै आउट भएपनि तिर्सनाले ६२ रनको सामना गर्दै एक छक्का र छ चौकाको मद्दतमा नटआउट ४९ रन बनाइन्।

# अल्लोबाट आत्मनिर्भर बन्दै रुमका महिला

पोखरापत्र संवाददाता
म्याग्दी, ३१ जेठ



जिल्लाको मालिका गाउँपालिका-२ रुमका महिलाले जङ्गलमा खेर जाने अल्लोलाई आम्दानीको स्रोत बनाएका छन् । अल्लोको पुवा प्रशोधन गरी विभिन्न किसिमका सामग्री तयार पारेर यहाँका महिला स्वरोजगार र आत्मनिर्भर बनेका हुन्।

रुम अल्लो कपडा तथा ढाका उत्पादन समूहका अध्यक्ष मनकुमारी पुनले १२ जना महिला उद्यमीले अल्लोबाट कपडा बनाउने काम गरिरहेका जानकारी दिनुभयो । "एक जनाले वार्षिक रूपमा ४५ देखि एक सय ५० मिटरसम्म अल्लोबाट कपडा बनाउँछौं", उहाँले भन्नुभयो, "प्रतिमिटर रु पाँच सयदेखि रु सात सय पचासका दरले अल्लो कपडा बिक्री हुन्छ ।" हिउँदयाममा लेकाली क्षेत्रको जङ्गलमा अल्लोको पुवा सङ्कलन, प्रशोधन गरी धागो बनाउने र घरायसी कामबाट बचेको फुर्सदको समयमा धागो बनाउने गरेको उद्यमी हिमदेवी घर्तीले बताउनुभयो । उहाँका अनुसार चाल्से सिस्नोको डाँठको बाहिरी भागबाट पुवा निकाल्ने गरिन्छ । पुवालाई तातोपानीमा पकाएर तयार पारिएको रेसादार धागोलाई तानको सहायताले कपडा बुन्ने गरिन्छ।

"वातावरणमैत्री, बलियो, टिकाउ, आकर्षक र मौलिक सीपमा आधारित भएकाले अल्लोको धागो र कपडाको खपतसँगै माग पनि बढेको छ", घर्तीले भन्नुभयो, "खेतीकिसानी र घरायसी कामबाट बचेको समयको सदुपयोगसँगै भएको आम्दानीले घरखर्च चलाउन र छोराछोरी पढाउन सजिलो भएको छ ।" उद्यमीहरूले कपडाका विभिन्न सामग्री बनाएर विविधिकरण गर्न थालेका छन् । ग्राहकको माग अनुसार कोट, झोला, सपिङ ब्याग, सल, पछ्यौरा, 'पर्स' बनाएर बिक्री गर्दा थप आम्दानी हुने उद्यमी गौमाया पुनले बताउनुभयो । "यसअघि परम्परागत शैली र डिजाइनमा कुर्ता सुरुवाल मात्रै सिलाउने गरेका थियौं", उहाँले भन्नुभयो, "पछिल्लो समय ग्राहकको माग अनुसार नयाँनयाँ डिजाइनमा कपडा सिलाउन थालेपछि थप आम्दानी भएको छ।"

अल्लोबाट बनेको एउटा कोटलाई रु पाँच हजार मूल्य पर्ने गौमायाले जानकारी दिनुभयो । उहाँका अनुसार रुम घुम्न आउने पर्यटक र पाहुनाले कोशेलीका रूपमा अल्लोका कपडा किनेर लैजाने गरेका छन् । बेनी, पोखरा, बागलुङ, कुश्माका मेला तथा महोत्सवमा प्रदर्शनीमा लगेर सामानको प्रवर्द्धन गरिएको छ । छुट्टी र चाडपर्व मनाउन जन्मथलो आएका प्रवासीहरू पनि अल्लोका कपडाका ग्राहक बनेको उहाँको अनुभव छ।

मालिका गाउँपालिकाकी उद्यम विकास सहजकर्ता होमदेवी खत्रीले रुमका उद्यमीलाई अल्लोको कपडाबाट सामग्री बनाउन स्तरोन्नतिसम्बन्धी तालिमका साथै तान सहयोग गरिएको बताउनुभयो । उहाँका अनुसार गरिबी निवारण कोष, गरिबी निवारणका लागि उद्यम विकास कार्यक्रमलगायत सङ्घसंस्था तथा सरोकार भएका निकायले तालिम, प्रविधि र पूर्वाधार निर्माणमा सहयोग गरेका छन् । सामूहिक रूपमा कपडा बुन्ने उद्यमीका लागि साझा सुविधा केन्द्रको भवन पनि निर्माण गरिएको मालिका-२ का वडाध्यक्ष उदयकुमार बुढाथोकीले जानकारी दिनुभयो । उहाँका अनुसार स्थानीय स्रोतसाधनमा आधारित उद्यमले महिलाको आर्थिक सशक्तीकरणसँगै गाउँमा रोजगारी सिर्जना गर्न महत्वपूर्ण योगदान पुर्याएको छ। पहिले जङ्गलमा खेर जाने अल्लो आज रुमका महिलाको जीवन परिवर्तन गर्ने माध्यम बनेको छ। परिश्रम, सीप र सामूहिक प्रयासले उनीहरूले गाउँमै आयआर्जनको दिगो आधार तयार गरेका छन् । स्थानीय उत्पादनको प्रवर्द्धन र बजार विस्तार गर्न सके अल्लो उद्यम ग्रामीण अर्थतन्त्रको महत्वपूर्ण आधार बन्ने अपेक्षा गरिएको छ।

# मुस्ताङमा एक हजार ४३१ प्रतिष्ठानको आर्थिक गणना सम्पन्न

पोखरापत्र संवाददाता
मुस्ताङ, ३१ जेठ

जिल्लामा एक हजार ४३१ व्यापारिक प्रतिष्ठानको आर्थिक गणना सम्पन्न भएको छ । गत वैशाख २ गतेदेखि असार ७ गतेसम्म समयअवधि तोकिएको राष्ट्रिय आर्थिक गणनामा आजसम्म उक्त सङ्ख्यामा आर्थिक गणना सम्पन्न भएको जिल्ला आर्थिक गणना कार्यालयले जनाएको छ।

राष्ट्रिय तथ्याङ्क कार्यालयले देशभरका जिल्लामा अर्थतन्त्र मापनका लागि आर्थिक गणना सुरु गरेको हो । राष्ट्रिय तथ्याङ्क कार्यालयले देशका विभिन्न जिल्लामा सञ्चालन भएका दर्ता भएका तथा दर्ता नभएका स्थायी र अस्थायी प्रकृतिका सबै किसिमका उद्यम तथा व्यावसायिक प्रतिष्ठानको आर्थिक, जनशक्तिलगायत विवरण सङ्कलन गरी समग्र देशको आर्थिक तथ्याङ्क सङ्कलन गरी अर्थतन्त्र मापन गर्न खोजिएको हो।

यसअघि राष्ट्रिय तथ्याङ्क कार्यालयले विसं २०७५ मा राष्ट्रिय आर्थिक गणना गरेको थियो। त्यसबेला हिमाली जिल्ला मुस्ताङमा ७७५ वटा व्यापारिक प्रतिष्ठान राष्ट्रिय तथ्याङ्क विभागको आर्थिक गणनामा समेटिएका थिए। प्रत्येक पाँच/पाँच वर्षमा हुने आर्थिक गणना पछिल्लो दुई वर्ष ढिलो गरी सञ्चालनमा ल्याएको हो।

राष्ट्रिय तथ्याङ्क कार्यालयअन्तर्गत जिल्ला आर्थिक गणना कार्यालयले यहाँका पाँच स्थानीय तहमा विसं २०७५ को आर्थिक गणनाको तुलनामा १८४ दशमलव ६४ प्रतिशत प्रतिष्ठानको आर्थिक गणना सम्पन्न भएको जनाएको छ । आर्थिक गणना कार्यक्रम २०८२ अन्तर्गत हिमाली जिल्ला मुस्ताङमा एक हजार तीन वटा प्रतिष्ठानको आर्थिक गणना गर्ने लक्ष्य रहेकामा उक्त लक्ष्यभन्दा ४२ दशमलव ६८ प्रतिशत बढी प्रतिष्ठानको आर्थिक विवरण सङ्कलन गरिएको जिल्ला आर्थिक गणना अधिकारी सुदीप पौडेलले जानकारी दिनुभयो । जिल्लामा आर्थिक गणना कार्यक्रम अन्तिम चरणमा पुगेको र हालसम्म ९० प्रतिशतभन्दा बढी प्रतिष्ठानको विवरण सङ्कलन भइसकेको उहाँको भनाइ छ । जिल्ला आर्थिक गणना कार्यालयका अनुसार मुस्ताङको लोघेरक दामोदरकुण्डमा ११६, घरपझोङमा ४७७, वारागुङमा ३१५, लोमान्थाङमा २७७ र थासाङ गाउँपालिकामा २४६ वटा व्यापारिक प्रतिष्ठानको आर्थिक गणना गरिएको हो। जिल्लामा आर्थिक गणनाका लागि गणकले एक हजार ४१८ वटा प्रतिष्ठानको घरदैलोमै पुगेर कागजी प्रश्नावलीअनुसार विवरण सङ्कलन गरेका छन्।

बाँकी रहेका प्रतिष्ठानले आफैं डिजिटल आर्थिक गणनाको सफ्टवेयरमा प्रविष्ट गराएका गणना अधिकारी पौडेलले बताउँनुभयो। मुस्ताङमा विसं २०७५ को आर्थिक गणनामा समेटिएका ६३ वटा प्रतिष्ठान बन्द भएको छ।

आर्थिक गणनाअन्तर्गत मुस्ताङका पाँचै पालिकामा रहेका प्रतिष्ठानको सङ्ख्या लक्ष्यभन्दा बढी रहेको हो। प्राप्त विवरणअनुसार १०० प्रतिशत लक्ष्य हासिल गर्नुपर्ने लोघेकरमा १०४ दशलव ५० प्रतिशत, घरपझोङमा ११२ दशलव ७७ प्रतिशत, बारागुङ मुक्ति क्षेत्रमा १५५ दशमलव ५४ प्रतिशत, लोमान्थाङमा २५६ दशमलव ४८ प्रतिशत र थासाङ गाउँपालिकामा १५४ दशमलव ७२ प्रतिशत गणना भएको जिल्ला आर्थिक गणना कार्यालयले जनाएको छ।

मुस्ताङमा सङ्कलन गरिएको आर्थिक गणना कार्यक्रममा ८० प्रतिशत बढी पर्यटन लक्षित होटल व्यवसाय रहेका आर्थिक गणना अधिकारी पौडेलले जानकारी दिनुभयो । पछिल्लो समय राष्ट्रिय गौरवको बेनी-जोमसोम-कोरला सडक सहज भएसँगै मुस्ताङमा पर्यकीय क्षेत्र चलायमान भएकाले होटलको सङ्ख्या अपेक्षाकृत वृद्धि भएको राष्ट्रिय आर्थिक गणना तथ्याङ्कले देखाएको छ । अन्य प्रतिष्ठान पर्यटनसँगै लक्षित रहेका उहाँको भनाइ छ।

मुस्ताङमा राष्ट्रिय आर्थिक गणनाका लागि एक जिल्ला आर्थिक गणना अधिकारी, एक जना सहायक आर्थिक गणना अधिकारी, एक जना लेखापाल, एक जना सुपरिवेक्षक, पाँच जना गणक र एक जना कार्यालय सहयोगी खटिएका छन्।

# दामोदरकुण्ड तीर्थयात्रीलाई निःशुल्क भोजनको व्यवस्था

**रासस**
मुस्ताङ, ३१ जेठ



लोघेकर दामोदरकुण्डस्थित धार्मिक तीर्थस्थल दामोदरकुण्ड दर्शन गर्न जाने तीर्थयात्रीलाई लक्षित गरी दुई महिनाका लागि निःशुल्क भोजनसहित आवासको व्यवस्था गरिएको छ । समुद्री सतहको चार हजार ९९० मिटर उचाइमा अवस्थित प्रसिद्ध धार्मिकस्थल जाने पदमार्ग घिमेठाँटी र दामोदरकुण्ड धर्मशालामा तीर्थयात्रीका लागि निःशुल्क भोजन र आवासको प्रबन्ध मिलाइएको हो ।

दामोदरकुण्ड मुक्तिनाथ विकास समितिको क्षेत्रअधिकारभित्र रहेको पवित्र धार्मिकस्थल दामोदरकुण्ड दर्शन गर्न जाने तीर्थयात्रीका लागि म्याग्दीको अन्नपूर्ण-३ नारच्याङस्थित पुण्यश्वर महादेव शिवालय उपसमितिले निःशुल्क भोजन र त्यहाँ रहेको धर्मशालामा आवासको व्यवस्था मिलाएको विकास समितिका कोषाध्यक्ष एवं दामोदरकुण्ड तीर्थयात्री भोजन व्यवस्थापक समिति संयोजक मोहन पुर्जाले जानकारी दिनुभयो । बर्सेनि बर्खायामको दुई महिना उपसमितिले सङ्कलन गरेको चन्दाबाट निःशुल्क भोजनको व्यवस्था मिलाउँदै आएको उहाँले बताउनुभयो । यस वर्ष पनि दामोदरकुण्ड तीर्थ गर्ने अनुकूल याम सुरु भएकाले जेठ २५ गतेदेखि साउनसम्म तीर्थयात्रीलाई खान र बस्न व्यवस्थित प्रबन्ध गरिएको संयोजक पुर्जाले उल्लेख गर्नुभयो । म्याग्दीस्थित गलेश्वरधामबाट बर्सेनि मुक्तिदान उठाउने गरेको र उपसमितिको आंशिक अक्षयकोषबाट खर्चिने गरी तीर्थयात्रीका लागि निःशुल्क भोजनलगायत व्यवस्था गरिएको पुर्जाको भनाइ छ ।

उपसमितिद्वारा सङ्कलित चन्दा दानको रकम खर्चिने गरी भोजन व्यवस्थापन गर्न चार जना खटाइएको छ । दामोदरकुण्डमा दुई र घिमेठाँटीमा दुई कर्मचारीलाई भोजनको व्यवस्था मिलाउन खटाइएको छ । यसका लागि बर्सेनि रु पाँच लाख बढी खर्च हुने गरेको व्यवस्थापक पुर्जाले बताउनुभयो । विसं २०६४ देखि नारच्याङस्थित गुप्तेश्वर महादेव उपसमितिले दामोदरकुण्ड तीर्थयात्रीका लागि निःशुल्क भोजनको व्यवस्था मिलाउँदै आएकामा कोभिड-१९ को समयमा दुई वर्ष तीर्थयात्रा बन्द हुँदा कार्यक्रम रोकिएको व्यवस्थापक पुर्जाले जानकारी दिनुभयो । तीर्थयात्रीका लागि भोजनसहित बासको व्यवस्था भएपछि ठूलो राहत मिलेको लोघेकर दामोदरकुण्ड-४ का वडासदस्य कृष्णकुमारीले जानकारी दिनुभयो । तीर्थयात्रीले भोजन र बस्नका लागि लत्ताकपडाको व्यवस्था मिलाउँदै यात्रा गर्न कठिन हुने भएकाले यस प्रकारको सुविधाले दर्शनार्थीको यात्रालाई सहज बनाएको उहाँले उल्लेख गर्नुभयो ।

नेपाल–चीन उत्तरी क्षेत्रस्थित प्रसिद्ध धार्मिक तीर्थस्थल हिन्दू धर्मावलम्बीहरूका सुविधाका लागि लोघेकर दामोदरकुण्ड गाउँपालिकाले २०७८ सालमा पुरुष र महिलाका लागि अगल-अलग बस्न मिल्नेगरी दुई धर्मशाला निर्माण गरेको गाउँपालिकाका अध्यक्ष लोप्साङ छोम्फेल विष्टले जानकारी दिनुभयो । गाउँपालिकाले दामोदरकुण्डको केही तल धर्मशालासहित बाथरुम र शौचालय निर्माण गरेको र घिमे ठाँटीमा पनि दुईवटा धर्मशाला गाउँपालिकाले नै निर्माण गरेको छ । दुईवटै धर्मशालाको क्षमता करिब १०० जना बढीको छ भने घिमेठाँटीमा रहेको धर्मशालाको क्षमता करिब ४० जनाको रहेको अध्यक्ष विष्टले बताउनुभयो ।



चैते धान भित्र्याउँदै किसान : तनहुँको ब्यास नगरपालिका-११ स्थित घाँसीकुवामा चैते धान भित्र्याउँदै किसान। यहाँको किसान चैतमा रोपेको धान अहिले भित्र्याउने चटारोमा छन् । तस्बिरः सागर गिरी/रासस

# अदिभारा-टाक्से-रुम सडक छ वर्षपछि सञ्चालन

**पोखरापत्र संवाददाता**
म्याग्दी, ३१ जेठ



जिल्लाको मालिका गाउँपालिकाको अदिभारा-टाक्से-रुम सडकमा छ वर्षपछि यातायात सञ्चालन हुन थालेको छ । स्थानीयले घरजग्गा धितो राखेर विसं २०७५ मा मार्ग खोलेका उक्त सडकको टाक्से खण्डमा पहिरो खसेपछि विसं २०७७ देखि बन्द भएको थियो ।

रुम म्याग्दी जिल्लाको ठूलो बस्तीमध्येमा पर्ने वडा हो । रुमलाई पालिकाको केन्द्र दरवाङ बजारसँग जोड्ने यो सडकमा पछिल्लो दुई महिनायता नियमित सवारीसाधन सञ्चालन भइरहेका मालिका-२ का वडाध्यक्ष उदयकुमार बूढाथोकीले बताउनुभयो ।

"मालिका गाउँपालिकाले सञ्चालन गरेको अदिभारा-टाक्से-रुम मोटरबाटो आयोजनामार्फत सडकको पहिरो रोकथाम, नयाँ मार्ग खोल्ने, ग्रेड तथा मोड सुधार गरेर छ वर्षपछि सवारीसाधन सञ्चालन हुने बनाइएको हो", उहाँले भन्नुभयो, "रुमवासीलाई पालिकाको केन्द्र दरबाङ र जिल्ला सदरमुकाम बेनी आउनजानका लागि घुमाउरो सडकको यात्रा गर्नुपर्ने बाध्यता हटेको छ ।" विसं २०८१ पुस २५ गते रु दुई करोड ४८ लाख ८७ हजार छ सय छ मा विके कन्स्ट्रक्सनसँग सम्झौता भएको आयोजनाको ८० प्रतिशत भौतिक प्रगति भएको गाउँपालिकाले जनाएको छ । पालिकाको पूर्वाधार शाखाका प्रमुख दीपक सापकोटाले बिलबाङ-टाक्से खण्डमा दुई दशमलव पाँच किमी नयाँ मार्ग खोल्ने, टेवा र पलम पर्खाल निर्माण, घुम्ती र ग्रेड सुधारको काम सकिएकामा ढलानको काम बाँकी रहेको वडाध्यक्ष बूढाथोकीले बताउनुभयो ।

विसं २०८२ असारमा सम्पन्न हुनुपर्ने आयोजनाको काम निर्माण व्यवसायीले पर्याप्त उपकरण, मजदूर परिचालन गर्न नसक्नु, प्रतिकूल भूगोललगायत कारणले एक वर्ष ढिलागरी सम्पन्न हुन लागेको हो । योसँगै रुम, बिलवाङका बासिन्दालाई निस्कोट र औंला हुँदै घुमाउँरो सडकको यात्रा गर्नुपर्ने समस्या हटेको स्थानीयवासी प्रकाश पटेलले बताउनुभयो । रुमबाट जेम, बेली, औंला, स्याउलुङ हुँदै अदिभारा जोड्ने १७ किमी दूरीको घुमाउँरो सडकमा यात्रा गर्दा एक घण्टा ३० मिनेट लाग्ने गरेकामा रुम-बिलवाङ-टाक्से-अदिभारा जोड्ने नौ किमी दूरी अब ४० मिनेटमा पार गर्न सकिने उहाँले बताउनुभयो । सडक मर्मत भएपछि यात्राअवधि छोटिएको उहाँको भनाइ छ । मालिका गाउँपालिकाका प्रवक्ता अनुप गौचनले उक्त खण्ड ठूलो बस्ती रुम र छिमेकी जिल्ला बागलुङको ताराखोला जोड्ने छोटो दूरीको भएकाले अदिभारा-टाक्से-रुम सडकलाई पालिकाले प्राथमिकता दिएको बताउनुभयो । स्थानीयको माग अनुसार टाक्से खोलामा मोटरेबल पुल निर्माण र पहिरोबाट प्रभावित जोखिमयुक्त सडकलाई सुरक्षित बनाउन पहल गरिएको उहाँले जानकारी दिनुभयो ।

# आधा शताब्दीपछि पोखरा बसपार्क निर्माणको आशा जाग्दै

**कृष्ण दवाडी**
पोखरा, ३१ जेठ/रासस



पोखरा महानगरपालिका-९ पृथ्वीचोकस्थित बसपार्क क्षेत्रमा वर्षौंदेखि सञ्चालनमा रहेका सटर तथा भवन खाली हुन थालेपछि आधा शताब्दीदेखि अलपत्र रहेको बसपार्क निर्माणको आशा पुनः जागेको छ ।

बसपार्क प्रवेशद्वार नजिकै फेन्सी पसल सञ्चालन गर्दै आउनुभएका हरि लामिछाने शुक्रबार आफ्नो सटरका बाँकी सामान हटाउने काममा व्यस्त हुनुहुन्थ्यो । लामो समयदेखि व्यापार गर्दै आएको स्थान छोड्नुपर्ला भन्ने कल्पना नगरेको बताउने उहाँ अहिले भने बसपार्क निर्माणको प्रक्रिया अघि बढेपछि संरचना खाली गर्न बाध्य हुनुभएको छ । पोखरा महानगरपालिकाले गत वैशाख ३ गते बसपार्क क्षेत्रका सार्वजनिक जग्गामा बनेका संरचना हटाउन ३५ दिने सूचना जारी गरेको थियो । सुरुमा त्यो निर्णय कार्यान्वयन होला भन्ने विश्वास नगरेका व्यवसायी पछिल्लो समय जग्गाधनी र महानगरबीच भएको सहमतिपछि भने संरचना खाली गर्न थालेका छन् । बसपार्कको उत्तरी क्षेत्रमा रहेका जग्गाधनीले संरचना हटाउने तयारी विरुद्ध उच्च अदालत पोखरामा रिट दायर गरेका थिए । तर जेठ २५ गते महानगरसँग भएको समझदारीपछि उनीहरूले मुद्दा फिर्ता लिने र बसपार्क निर्माणमा सहजीकरण गर्ने निर्णय गरेका छन् । त्यससँगै बसपार्क क्षेत्रका अधिकांश व्यवसायी तथा घरधनीले आफ्ना संरचना खाली गर्न थालेका हुन् ।

"पहिला बसपार्क बन्ला र हामीले ठाउँ छोड्नुपर्ला भन्ने लागेको थिएन । तर जग्गाधनी र महानगरबीच सहमति भएपछि हामीले पनि सर्नुपर्ने अवस्था आयो । बसपार्क निर्माण हुनु राम्रो कुरा हो, तर विस्थापित व्यवसायीको व्यवस्थापनमा महानगरले ध्यान दिनुपर्छ, "लामिछानेले भन्नुभयो ।

उहाँले भविष्यमा बसपार्क क्षेत्रमा व्यापारिक प्रयोजनका लागि सटर वा भवन निर्माण भएमा हाल विस्थापित भएका व्यवसायीलाई प्राथमिकता दिनुपर्ने माग गर्नुभयो । हाल बसपार्क प्रवेशको बायाँपट्टि रहेको बास्तोला कम्प्लेक्सका ३२० भन्दा बढी सटर खाली गर्ने कार्य तीव्र गतिमा भइरहेको छ । बसपार्कभित्रका अन्य जग्गाधनीले पनि आफ्ना संरचना हटाउने प्रक्रिया अघि बढाएका छन् ।

पोखरा बसपार्कका लागि विसं २०३२ मा २०५ रोपनी जग्गा अधिग्रहण गरिएको थियो । तर पाँच दशक बितिसक्दा पनि बसपार्क निर्माण हुन सकेन । बरु बसपार्कका लागि छुट्याइएको अधिकांश जग्गा अतिक्रमणको चपेटामा पर्‍यो। अहिले मूल क्षेत्रफलमध्ये करिब २५ रोपनी जमिन मात्र बाँकी रहेको बताइन्छ । बसपार्कका लागि अधिग्रहण गरिएको जग्गाको सट्टापट्टा, बिक्री-वितरण तथा क्षतिपूर्ति वितरण प्रक्रियाबारे उठेका गुनासा र विवादको छानबिनको काम अहिले भइरहेको छ ।

बसपार्क निर्माणका लागि अधिग्रहण गरिएको जग्गामध्ये राजमार्ग विस्तारका क्रममा करिब नौ रोपनी क्षेत्रफल प्रयोग भएपछि बाँकी रहेको जग्गासम्बन्धी सट्टापट्टा, बिक्री-वितरण तथा क्षतिपूर्ति प्रक्रियाबारे विभिन्न गुनासा, लिखित उजुरी तथा प्रश्नहरू उठ्दै आएका छन् ।

विशेषगरी केही व्यक्तिले नपाउनुपर्ने क्षतिपूर्ति प्राप्त गरेको, वितरण प्रक्रियामा असमानता भएकोलगायतका आरोप सार्वजनिक भएपछि सत्यतथ्य छानबिनका लागि महानगरले समिति बनाएको हो ।

पोखरा महानगरपालिकाले बसपार्क निर्माणलाई प्राथमिकतामा राख्दै दातृ निकायमार्फत आवश्यक बजेट सुनिश्चित गरेको छ । संरचना हटाउने काम अघि बढेसँगै स्थानीयवासीमा बसपार्क निर्माण हुने आशा समेत वृद्धि भएको छ । बसपार्क निर्माणको मार्गमा रहेको अर्को प्रमुख चुनौती बसपार्कभित्र बसोबास गर्दै आएका भूमिहीन तथा सुकुम्बासी परिवारको व्यवस्थापन हो । बसपार्क क्षेत्रमा झण्डै ५०० परिवार वर्षौंदेखि बसोबास गर्दै आएका छन् । महानगरपालिकाले उनीहरूको व्यवस्थापनका लागि जग्गा व्यवस्थापन (खोजी) समिति गठन गरेको थियो । समितिले विभिन्न छ स्थानमा पुनःस्थापना गर्न सकिने सुझाव महानगरलाई दिएको छ । सोही सिफारिसका आधारमा महानगरले जेठ २५ गते जग्गा प्लट मिलान तथा पूर्वाधारको सम्भाव्यता अध्ययन गर्न प्राविधिक समिति गठन गरेको छ । सात दिनभित्र प्रतिवेदन बुझाउने जिम्मेवारी पाएको उक्त समितिले सम्भावित स्थानको नापजाँच तथा व्यवस्थापन क्षमता अध्ययन गरिरहेको छ ।

पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यका अनुसार वास्तविक भूमिहीन र सुकुम्बासी पहिचान गर्न छुट्टै छानबिन समिति पनि क्रियाशील छ । "सिफारिस भएका जग्गाको नापजाँच गरी कति परिवारलाई व्यवस्थित रूपमा बसोबास गराउन सकिन्छ भन्ने विषयमा अध्ययन भइरहेको छ," प्रमुख आचार्यले भन्नुभयो, "छानबिन प्रतिवेदनका आधारमा वास्तविक सुकुम्बासीको व्यवस्थापन गरिनेछ र बसपार्क क्षेत्रका अतिक्रमित संरचना हटाएर आधुनिक तथा सुविधासम्पन्न बसपार्क निर्माण गरिनेछ ।"

बसपार्क क्षेत्रमा बसोबास गर्दै आएका भूमिहीन तथा अव्यवस्थित बसोबासीले पनि आफू विकासको बाधक नबन्ने बताएका छन् ।

भूमिहीन तथा अव्यवस्थित बसोबासी सरोकार सङ्घर्ष समिति कास्कीका संयोजक प्रेमबहादुर गुरुङले वैकल्पिक व्यवस्थापन भए जुनसुकै बेला पनि स्थान खाली गर्न तयार रहेको बताउनुभयो ।

"हामीलाई उचित विकल्प दिएर व्यवस्थापन गर्नुपर्छ," उहाँले भन्नुभयो, "बसपार्कका लागि अधिग्रहण गरिएको २०५ रोपनी सम्पूर्ण जग्गामा नै बसपार्क निर्माण हुनुपर्छ । सुकुम्बासीलाई मात्र हटाउने तर शक्तिका आडमा बसपार्कको जग्गा ओगटेर बसेका अन्य व्यक्तिलाई यथावत् राख्ने काम स्वीकार्य हुँदैन ।"

पोखरा महानगरले संरचना हटाउने अभियानलाई तीव्रता दिएको र जग्गाधनी तथा व्यवसायीले सहयोग गर्न थालेपछि लामो समयदेखि अलपत्र रहेको पोखरा बसपार्कको सपना पूरा हुने विश्वास पोखरेलीको छ ।

# गाउँपालिकाले बनाइदियो भेडापालक किसानलाई खोर

**पोखरापत्र संवाददाता**
बागलुङ, ३१ जेठ

निसीखोला गाउँपालिकाका अधिकांश किसान परम्परागत रुपमा भेडापालन गर्दै आएका छन् । एउटै परिवारले सयौँको सङ्ख्यामा भेडापालन गरे पनि व्यावसायिक बन्न सकेका छैनन् ।

किसानलाई व्यावसायिक बनाउन निसीखोला गाउँपालिकाले आधुनिकतासँग जोड्न थालेको छ। चालु आर्थिक वर्षमा भेडापालक किसानका लागि पालिकाले आधुनिक खोर बनाइदिएको छ ।

किसानले भेडालाई खोरमा नभई आकाशमुनि खुला छाड्ने गर्थे । खुला छाड्दा चिसोले मर्ने, विभिन्न रोग लाग्ने र चोरी हुने हुँदा किसानले नोक्सानी भोग्दै आएका थिए । यस वर्ष गाउँपालिकाले किसानका लागि आधुनिक खोर निर्माण, खानेपानीको व्यवस्थापन, औषधि खरिद र भेडाको बच्चा खरिदका लागि चालु आवमा रु एक करोड १२ लाख विनियोजन गरेको थियो । खोर निर्माण, खानेपानी र औषधि खरिदका लागि ठेक्का प्रक्रियामार्फत काम भएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत जीवन पुन मगरले जानकारी दिनुभयो। भेडाका बच्चा खरिदका लागि दुईपटकसम्म ठेक्का आह्वान गरे पनि कसैले दरखास्त नदिँदा काम रोकिएको उहाँको भनाइ छ।

खोर र खानेपानी निर्माणका लागि रु ६२ लाख ९४ हजार ७५९ मा ठेक्का लगाई धमाधम काम भएको भन्दै रु १२ लाखमा औषधि खरिदसमेत भइसकेको प्रमुख प्रशासकीय अधिकृत पुन बताउनुहुन्छ । खोर निर्माण र खानेपानीका लागि २०८३ जेठ ६ मा टिएएस इन्जिनियरिङ एन्ड कन्स्ट्रक्सनले जिम्मा पाएको उहाँको भनाइ छ । सम्पूर्ण काम असार मसान्तमा सकिनुपर्ने पुनले बताउनुभयो।

प्रमुख प्रशासकीय अधिकृत पुनले भन्नुभयो, "निसीखोलामा धेरै किसान पशुपालनमा आबद्ध हुनुहुन्छ, त्यसमध्ये वडा नं ५ र ६ का अधिकांश स्थानीय भेडापालन गर्दै आउनुभएको छ, उहाँहरूलाई व्यावसायिक बनाउन गाउँपालिकाले यस वर्षदेखि सानो प्रयास गरेको हो, खानेपानी व्यवस्थापन र खोर निर्माण भएका छन्, अब अरु काम पनि गाउँपालिकाले गर्ने योजनामा छ ।" टिएएस इन्जिनियरिङ एन्ड कन्स्ट्रक्सनका सञ्चालक रेशम अर्यालका अनुसार हालसम्म २२ वटा आधुनिक खोर निर्माण भइसकेका छन् भने खानेपानीको काम पनि अन्तिम चरणमा पुगेको छ। काठ, जस्तापाता र फलामको पोल प्रयोग गरेर खोर निर्माण गरिएको हो । सम्झौता भएको एक महिना नबित्दै ८५ प्रतिशत बढी काम सकिएको उहाँले बताउनुभयो।

गोठालालाई पायक पर्नेगरी निसीखोला-६ कोस्का र चोरबासमा खानेपानी व्यवस्थापनका लागि पाइप बिछ्याउने काम भइरहेको उहाँको भनाइ छ । निसीखोला गाउँपालिका-६ का किसान भागीलाल घर्ती मगरले स्थानीय सरकारले किसानको समस्या समाधान गर्न थालेको बताउनुभयो । भेडाबाख्रालाई विगतदेखि नै लेकमै पुगेर खोप दिने गरे पनि यसपालि खोर र खानेपानीको सुविधा दिएको उहाँको भनाइ छ । एउटा खोर बनाउँदा किसानको रु चार-पाँच लाख खर्च हुने भन्दै गाउँपालिकाले अनुदानमा बनाइदिएको भन्दै खुसी व्यक्त गर्नुभयो।